सम्मान
सञ्चार
अधिकार
विश्वास
इमान्दार
समुदाय

# कोकाकोला कम्पनी र मानव अधिकार

***सबै अगुवाले थाहा पाउन र गर्न आवश्यक कुराहरू***

## मानव अधिकारको सम्मानमा हाम्रो प्रतिबद्धता

कोकाकोला कम्पनीले मानव अधिकारलाई गम्भीर रूपमा लिन्छ। हाम्रो कम्पनीको सफलता हाम्रो गुणस्तर, सत्यनिष्ठा र उत्कृष्टताको उच्च मापदण्डमा अडेको छ। कम्पनीले यी मापदण्डहरूलाई मानव अधिकारको सम्मानमा कर्मठतापूर्वक लागू गर्नुपर्ने आशा राख्छ।

यो पर्चा तपाईंका आफ्ना कदम र कार्यमा कम्पनीको [मानव अधिकार नीतिलाई] एकीकरण गरी व्यक्तिगत रूपमा र तपाईंको टोलीको कार्यमा मानव अधिकारको प्रतिबद्धता स्थापना गरेर अगुवाको रूप दुबै गरी तपाईंको आफ्नो दैनिक कार्यमा मार्गदर्शन गर्न मद्दत गर्नका लागि उपलब्ध गराइएको हो। हाम्रो व्यवसायका सबै पक्षहरूमा मानव अधिकारको सम्मानमा हामी आफ्नो प्रतिबद्धता पूरा गर्छौं जबकी यो हाम्रो काम गर्ने सामान्य तरिकाको हिस्सा हो।

## के अपेक्षा गरिन्छ?

- हाम्रो मानव अधिकार नीतिको समरूप हुने मानव अधिकारको सम्मान गर्नुहोस् जुन तपाईंको काम गर्ने तरिकाको एक अंश हो। अर्को शब्दमा भन्नुपर्दा, बोलेको कुरा पूरा गर्नुहोस्। मानव अधिकारलाई तपाईंको आफ्नो नियमित टोली बैठकहरूको केन्द्रविन्दुमा राख्नुहोस् र आफ्नो व्यवहार मार्फत "सम्मान" कस्तो देखिन्छ भन्ने कुरा दर्शाउनुहोस्।
- मानव अधिकार नीति कम्पनीका सुविधास्थल भित्र र बाहिर दुबै ठाउँमा लागू हुन्छ। आपूर्तिकर्ता, ग्राहक, समुदाय र हाम्रो कामले गर्दा असर पर्ने (वा हामीले नगर्दा पनि) अन्य कुनै समूहसँग संलग्न हुँदा तपाईंले आफ्ना सहकर्मीहरूमा लागू गर्ने समान मानव अधिकार मापदण्डहरू लागू गर्नुहोस्।
- कुनै पनि नयाँ व्यवसाय प्रक्रिया, अभिग्रहण वा क्रियाकलापका लागि, यसलाई मानव अधिकारको नजरले हेर्नुहोस्। यसलाई सामान्यतया यथोचित कर्मठता भनिन्छ। मानव अधिकारको अतिक्रमणलाई हटाउने उत्कृष्ट उपाय भनेको मानव अधिकारलाई प्राथमिकता दिएको छ र प्रक्रिया, अभिग्रहण वा क्रियाकलाप अवधिमा केन्द्रित छन् भनी सुनिश्चित गर्नु हो।
- यदि तपाईं आपूर्ति श्रृंखला मुद्दाहरूमा सहभागी हुनुहुन्छ वा कुनै बिक्रेतासँग संलग्न हुनुहुन्छ भने, तपाईंले मानव अधिकार नीतिसँग पनि समरूप हुने [कम्पनी आपूर्तिकर्ता मार्गदर्शन सिद्धान्तहरूको] पालना गरिरहनुभएको छ भनी सुनिश्चित गर्नुहोस्।
- मानव अधिकार जोखिमहरू कुनै पनि राष्ट्रमा र कुनै पनि अवस्थामा देखिन सक्छन्। अगुवाको रूपमा, तपाईंले आफूलाई नयाँ वा उदयीमान मानव अधिकार जोखिमहरूमा अभ्यस्त गराउन र तिनीहरूलाई आन्तरिक च्यानलहरू मार्फत रिपोर्ट गर्न आवश्यक हुन्छ। मानव अधिकार गतिशील हुन्छन् र अपरेशनहरूले कम्पनीका एक वा थप मानव अधिकारलाई आन्तरिक र बाह्य दुबै रूपमा अन्जानमै प्रभाव पार्न सक्नेछन्।
- अगर्सिकर्य हुनुहोस्। यिद तपाईं सम्भाव्य मानव अधिकार उल्लंघनको बारेमा सचेत हुनुहुन्छ भने यसलाई तुरून्तै रिपोर्ट गनुहोर्स्। रिपोर्टिङर् व्यवस्थापनको उच्च तहहरू, मानव संसाधन, कम्पनीको कानूनी परामशदार्ता वा [EthicsLine] मार्फत पर्त्यक् रूपमा गर्न सिकन्छ।
- यसै गरी, यिद तपाईंलाई उजुरी गरिन्छ भने, यसलाई गम्भीर रूपमा लिनुहोस् र छानिबनलाई अगाडि बढाउन मानव ससाधनसँग मिलेर काम गनुहोर्स्। यिद व्यवस्थापनले सुधारात्मक कार्य आवश्यक छ भनी ठहर गर्छ भने, मानव संसाधन र /वा कानूनी रूपमा पर्दान गरिएको मागदर्शनर्को आधारमा यसको पालना गरी ती कायहर्रू गर्न तुरून्तै कदम चाल्नुहोस्।
- कम्पनीको मानव अधिकार नीति लागू गर्दा अनुरूपता महत्त्वपूर्ण हुन्छ। यिद कुनै अवस्थामा निश्चित अधिकारको अर्थ केहुन्छ भन्ने बारेमा तपाईं अनिश्चित हुनुहुन्छ भने, कदम चाल्नुअगाडि ग्लोबल वर्कस्पेस राइट्स (Global Workplace Rights) टोलीसँग humanrights@coca-cola.comमा परामर्श लिनुहोस्।
- तपाईंको टोलीलाई मानव अधिकार जोखिमहरूको बारेमा सचेत हुन पर्ोर्साहन गनुहोर्स् र ती चिन्तनहरूलाई उचित रूपमा स्वतन्त्र र तुरून्तै साझा तथा सम्बोधन गर्न सिकने वातावरणलाई सहायता गनुहोर्स्।
- मानव अधिकार जोखिमहरूको पिहचान र व्यवस्थापनमा तपाईंको मद्दतका लागि उपकरणको रूपमा कोकाकोला कम्पनी मानव अधिकार एप (KO App Store द्वारा) डाउनलोड गनुहोर्स्।
- मानव अधिकार नीति, आपूर्तिकर्ता मागदर्शनर् सिद्धान्तहरू, मानव अधिकार यथोचित कमठर्ता जाँचसूची, कार्यान्वयन मागदर्शनर् र यातर्ामा फेला पर्ने अन्य सर्ोतहरू सिहत कम्पनीका मानव अधिकार सर्ोतहरूको पर्योग गनुहोर्स्:
  - o http://www.coca-colacompany.com/our-company/human-rights-policy
  - o http://www.coca-colacompany.com/our-company/supplier-guiding-principles

प्रश्नहरू वा थप जानकारीका लागि, यहाँ इमेल गर्नुहोस्: humanrights@coca-cola.com

# मानव अधिकार नीति

सम्मान
सञ्चार
अधिकार
विश्वास
आत्म-सम्मान
समुदाय

### मानव अधिकारको सम्मान

मानव अधिकारको सम्मान गर्नु कोका-कोला कम्पनी (The Coca-Cola Company)को मूलभूत मान्यता हो। हामी आफ्ना कर्मचारी, आपूर्तीकर्ता र स्वतन्त्र बोटलरहरूसँगको हाम्रो सम्बन्धहरूमा युएनको व्यवसाय र मानव अधिकारहरूका मार्गदर्शी सिद्धान्तहरूका आधारमा मानव अधिकारहरूको सम्मान र प्रवर्द्धन गर्न सङ्घर्ष गर्दछौं। हाम्रो लक्ष्य भनेको हामी सञ्चालनमा रहेका समुदायहरूमा मानव अधिकारहरूको आनन्द लिने कार्यलाई बढाउनमा मद्दत गर्नु हो।

यो नीति कार्यक्षेत्रको आधारभुत अधिकार र सिद्धान्त र अधिकारहरूको अन्तर्राष्ट्रिय अधिकार पत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको 1998 घोषणापत्रमा समावेश भएका सहित मानव अधिकारको विश्वव्यापी घोषणा समेटिएको अन्तर्राष्ट्रिय मानव अधिकार सिद्धान्तहरू अनुसार मार्गनिर्देशित छ।

यो नीति कोका-कोला कम्पनी, हाम्रो स्वामित्वमा रहेका निकाय, हाम्रो अधिकांश अधिकार भएका निकाय र हामीले व्यवस्थित गरेका प्रतिष्ठानहरूमा लागू हुन्छ। कम्पनीले स्वतन्त्र बोटलर र आपूर्तिकर्ताहरूलाई पनि यी सिद्धान्तहरू आत्मसात गर्ने र आफ्ना व्यवसायहरूमा समान नीतिहरू अपनाउने अपेक्षा गर्छ।

हामीले आफ्नो व्यवसायका मानिस र मूल्य श्रृङ्खलाका मानव अधिकार जोखिमहरूको पहिचान गर्न र रोकथाम गर्न र यससँग आबद्ध मानिसहरूको सुक्ष्म जाँच पड्ताल माध्यमको रूपमा प्रयोग गर्छौं। हामीले आफ्ना व्यावसायिक गतिविधिहरूबाट हुने वा निम्तिने प्रतिकूल मानव अधिकारका प्रभावहरूलाई पहिचान गरेका छौं, हामी तिनीहरूको निष्पक्ष र न्यायोचित समाधान उपलब्ध गराउन वा सहकार्य गर्न प्रतिबद्ध छौं। हामी तेस्रो पक्षहरूसँग आफ्ना सम्बन्धहरूमार्फत त्यस्ता प्रतिकूल प्रभावहरूमा जोडिँदा वा त्यसमा संलग्न हुँदा समाधान गर्ने पहुँचको प्रवर्द्धन गर्न खोजिरहन्छौं।

मानव अधिकार नीतिलाई कोका-कोला कम्पनीका प्रमुख कार्यकारी अधिकारी सहित सञ्चालक समितिद्वारा निरीक्षण गरिन्छ।

### समुदाय र सरोकारवालाको संलग्नता

हामीले आफुलाई सञ्चालित समुदायहरूका हामी एउटा हिस्सा हौं भन्ने पहिचान गरेका छौं। हामी समुदायहरूका भूमिको अधिकार, पानीको पहुँच र स्वास्थ्य जस्ता मानव अधिकारका महत्त्वपूर्ण विषयहरूमा संलग्न रहन्छौं। हामी आदिवासी मानिसहरू लगायत असहाय अति मर्कामा परेका र असुरक्षित समूहहरू सहितका समुदायहरूका मानिसहरूसँग पनि संलग्न रहन्छौं। हामीले आफ्नो व्यवसाय सञ्चालन गर्दा संवाद मार्फत तिनीहरूका कुराहरू सुनिरहेका छौं, तिनीहरूका विचारहरूबाट सिकिरहेका र विचारहरूलाई ध्यान दिन्छौं भन्ने सुनिश्चित गर्ने हाम्रो लक्ष्य हो। स्थानीय स्तरका समस्याहरू स्थानीय स्तरमा सबैभन्दा उचित तरिकाले सम्बोधन गरिएका छन् भन्नेमा हामीलाई विश्वास छ।

हामी आफ्नो व्यवसायसँग सम्बन्धित मानव अधिकारका मामिलाहरूमा उपयुक्त तवरले व्यापक दायराका नागरिक समाज र सरोकारवालाहरूसँग संलग्न हुन्छौं। यसका साथै, हामीले हाम्रो कम्पनी, हामीसँग आबद्ध र हाम्रा विभिन्न प्रयोजनहरूको माध्यमबाट मानव अधिकारहरूको सम्मानलाई प्रवर्द्धन गर्न खोज्दछौं।

### विविधता र समावेशिता

हामीले आफूसंग काम गर्ने मानिसहरूको विविधता र समावेशिता कदर गर्दछौं र वृद्धि गर्दछौं। हामी समान अवसरको लागि प्रतिबद्ध छौं र भेदभाव र उत्पीडन प्रति असहनशील छौं। हामी जाति, लिङ्ग, रङ, राष्ट्रियता वा सामाजिक मूल, जातियता, धर्म, उमेर, असक्षमता, यौन झुकाव, लैङ्गिक पहिचान वा अभिव्यक्ति, राजनैतिक विचार वा प्रचलित कानूनद्वारा संरक्षित अन्य कुनै स्थितिका आधारमा भेदभाव वा उत्पीडनमुक्त कार्यस्थलहरू बनाउन प्रतिबद्ध छौं। कम्पनीमा भर्ना, भाडामा लिने, स्थापन, विकास, प्रशिक्षण, क्षतिपूर्ति र पदोन्नति जस्ता कुरा योग्यता, कार्यसम्पादन, सीप र अनुभवको आधारमा हुन्छन्।

हामीले अनादरजनक वा अनुचित व्यवहार, अन्यायपूर्ण व्यवहार वा कुनै पनि प्रकारको प्रतिशोधलाई सहन गर्दैनौं। उत्पीडनलाई कार्यस्थल र कार्यस्थल बाहिरका कुनै पनि कामसँग सम्बन्धित परिस्थितिमा सहन गरिँदैन।

### संगठन बनाउने तथा सामूहिक सौदाबाजी गर्ने स्वतन्त्रता

हामीलाई आफ्ना कर्मचारीहरूलाई प्रतिशोध, धम्की वा उत्पीडनबिना श्रम संगठनमा सहभागी हुने, श्रम संगठन निर्माण गर्ने वा सहभागी नहुने अधिकारको सम्मान गर्छौं। कर्मचारीहरूले कानूनी रूपमा मान्यताप्राप्त संगठनको प्रतिनिधित्व गर्दा, हामी तिनीहरूले स्वतन्त्र रूपमा छनोट गरेका प्रतिनिधिहरूसँग रचनात्मक संवाद स्थापित गर्न प्रतिबद्ध छौं। कम्पनी त्यस्ता प्रतिनिधिहरूसँग सद्भावपूर्ण तरिकाले कुराकानी गर्न प्रतिबद्ध छ।

### सुरक्षित र स्वस्थकर कार्यस्थल

हाम्रा कर्मचारीहरूको सुरक्षा र स्वास्थ्य सर्वोपरि महत्त्वको विषय हो। हाम्रो नीति भनेको सुरक्षित र स्वस्थ कार्यस्थल उपलब्ध गराउने र आन्तरिक आवश्यकताहरूको साथै प्रचलित सुरक्षा र स्वास्थ्य कानून तथा नियमहरूको पालना गर्नु हो। हामी आफ्ना कर्मचारीहरूसँग परामर्श गरेर पहिचान गरिएका दुर्घटना, चोटपटक र स्वास्थ्य प्रभावका जोखिमहरूलाई सम्बोधन गरी समाधान गरेर सुरक्षित, स्वस्थ र उत्पादनशील कार्यस्थल उपलब्ध गराउन गराएर राख्नको लागि काम गर्दछौं।

### कार्यस्थल सुरक्षा

हामी हिंसा, उत्पीडन, धम्की र आन्तरिक र बाह्य चुनौतिहरूका कारण हुने असुरक्षित वा अवरोधात्मक अवस्थाहरूरहित कार्यस्थल कायम राख्न प्रतिबद्ध छौं। कर्मचारीहरूलाई आवश्यकता अनुसार सुरक्षा उपायहरू उपलब्ध गराइन्छ र कर्मचारीहरूको गोपनीयता र आत्मसम्मानकासाथ कायम राखिएको छ।

### बाधाँ श्रम तथा मानव तस्करी

हामीले कारागार श्रम, करारनामा श्रम, बन्धित कामदार, सैनिक श्रम, आधुनिक स्वरूपको दासत्व र कुनै पनि प्रकारको मानव तस्करी सहितका कुनै पनि प्रकारको बाध्य मजदूरीको प्रयोग गर्न प्रतिबन्ध गर्छौं।

### बाल श्रम

हामीले जोखिमयुक्त कार्य गर्न आवश्यक पर्ने पदहरूका लागि 18 वर्षभन्दा कम उमेरका व्यक्तिहरूलाई नोकरीमा राख्न प्रतिबन्ध गर्छौं।

### कार्य समय, तलब तथा सुविधाहरू

हामीले कर्मचारीहरूलाई प्रचलित सामुहिक सम्झौताहरूका शर्तहरूका आधारमा उद्योग र स्थानीय श्रम बजारभन्दा सापेक्षिक रूपमा प्रतिस्पर्धात्मक रूपमा तलब-सुविधा उपलब्ध गराउछौं। हामी प्रचलित ज्याला, काम गर्ने समय, ओभरटाइम र लाभ कानूनहरूको पूर्ण अनुपालन गर्ने सुनिश्चित गर्ने काम गर्छौं।

### भूमि अधिकार र पानीका स्रोतहरू

हामीले विशेष नीति र कार्यद्वारा सम्बोधन गर्ने आफ्ना सर्वत्र मूल्य श्रृङ्खलामा हुनसक्ने भूमिको र पानीको प्रयोग गरेर मानव अधिकारको सम्मानका सम्बन्धमा महत्त्वपूर्ण उल्झनहरूलाई पहिचान गर्छौं।

हामीले विशेषगरी तत्वहरू सिधै फार्महरूबाट खरिद गर्दैनौं, हामी धेरै कृषि उत्पादनहरूको मुख्य खरिदकर्ताको रूपमा स्थानीय कृषक र समुदायहरूको भूमिको अधिकारहरूलाफ सुरक्षित राख्न मद्दत गर्नका लागि कदम चाल्न र आफ्ना मान्यताहरूमा बाध्य हुन्छौं।

हामी दिगो रूपले पानीको आपूर्ति, सुरक्षित खानेपानी र इकोसिस्टम र समुदायहरू दुबैलाई उपयुक्त सरसफाई मार्फत संरक्षण गर्ने मानवीय आवश्यकताहरूको सम्मान गर्छौं। हाम्रो पानी प्रबन्धन (स्टेवार्डशीप) कार्यक्रममार्फत, हामीले आवश्यक परेको जुनसुकै बखतमा पानीको समस्या समाधानहरूको विकास गर्न र साथै हाम्रा प्रतिष्ठानहरूमा स्रोत पानी संरक्षण योजनाहरूको कार्यान्वयन गरी स्थानीय पानीका जोखिमहरूको मूल्याङ्कन गरेर, सरकार, समुदाय र अन्य सरोकारवालाहरूसँग परामर्श र साझेदारी गरेर जोखिमहरू कम गर्ने पानीका अधिकारहरूमा आधारित अवधारणाको अनुसरण गर्छौं।

### स्वस्थ जीवन शैली

हामी उपभोक्ताहरूलाई स्वस्थ जीवनशैलीसँग सुसंगत हुने सूचित रोजाइहरूका निर्णय गर्नको लागि सक्षम बनाउन पारदर्शी पोषण जानकारी र विभिन्न दायराका पेय पदार्थका विकल्पहरू उपलब्ध गराउन प्रतिबद्ध छौं।

### जिज्ञासा वा सरोकार छ?

- कृपया कुनै पनि जिज्ञासा वा सरोकारहरू भएमा स्थानीय व्यवस्थापन, मानव संसाधन, कानूनी विभाग वा रणनीतिक सुरक्षामा भन्नुहोस्
- कर्मचारीहरूले नीतिको शंकास्पद उल्लङ्घनहरूको इथिक्सलाइन सुरक्षित इन्टरनेट वेबसाइट www.KOethics.com मार्फत वा वेबसाइटमा दिएको टोल फ्री नम्बरमा तिनीहरूको स्थानको लागि फोन गरी रिपोर्ट गर्न सक्नेछन्।

युरोपेली संघका व्यक्तिहरूलाई: कृपया ध्यान दिनुहोस् कि, युरोपियन युनियन विधानको कारणले, इथिक्सलाइन फोन वा वेब सेवाहरूले वित्तीय, लेखा र लेखा परीक्षणहरूका कुराहरू मात्र रिपोर्ट गर्न अनुमति दिन्छन्। मानव तथा कार्यस्थल अधिकार नीतिका समस्याहरूको रिपोर्ट गर्न, आफ्नो स्थानीय व्यवस्थापन, मानव संसाधन, स्थानीय प्रशासनिक मामिला जाँच अधिकारी वा कानूनी विभागमा सम्पर्क गर्नुहोस्।

*कम्पनीले यो नीतिलाई कुनैपनि समयमा परिमार्जन गर्ने अधिकार राख्दछ। यस नीतिको कुनै पनि कुराले कम्पनी र यसका कर्मचारीहरू वा अन्य तेस्रो पक्षसँग भएका सम्झौता वा यस नीति कोकाकोला कम्पनीसँग रोजगारीको निरन्तरताको ग्यारेण्टी गर्ने वा लागू हुने जनाउँदैन।*

प्रश्नहरू वा थप जानकारीका लागि, यहाँ इमेल गर्नुहोस्: humanrights@coca-cola.com

अगष्ट 2017

The Coca-Cola Company